





PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

prateekdaily.com








❖ वर्ष ३४ ❖ २०७८ असार १४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 28 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३००


## सुध्रिएन पोखरिया अस्पताल

सुषमा शर्मा, वीरगंज, १३ असार/

पर्सा जिल्लाको दोस्रो सदरमुकाम उपचारको लागि पनि वीरगंज धाउन बाध्य रहेको पोखरिया–१ का रामरतन





तस्वीर: प्रतीक

पोखरिया नगरपालिकास्थित जिल्ला अस्पताल पोखरिया अस्तव्यस्त छ । सञ्चालनमा आएदेखि सो अस्पताल आजसम्म पनि व्यवस्थित हुन नसकेको पोखरियाका बासिन्दाको भनाइ छ ।

पोखरिया अस्पतालको भवन तथा भौतिक पूर्वाधार व्यवस्थित छ । अस्पतालमा आवश्यक मापदण्ड अनुसारको भौतिक पूर्वाधार रहे तापनि त्यसैको संरक्षण, सदुपयोग र व्यवस्थित गरिएको छैन । अस्पतालको सेवा एवं प्रशासनिक गतिविधि लथालिङ्ग रहेको पोखरियाका सेवाग्राहीहरूको गुनासो छ।

सो कुरालाई उक्त अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट सञ्जय गुप्ताले पनि स्वीकारेका छन् । उनले आफू पोखरिया अस्पताल आएदेखि हालसम्म १० प्रतिशत मात्रै सुधार गर्न सकेको बताए । अस्पतालको अवस्था सुधार गर्न आफू निरन्तर लागिपरेको तर लक्ष्यमा पुग्न निकै गाह्रो रहेको उनले बताए । "मेरो इच्छा शल्यक्रियातिर थियो। पोखरिया अस्पतालमा शल्यक्रिया सञ्चालनमा ल्याउने निर्णय गरियो तर शुरू हुन सकेको छैन। न त शल्यक्रियामा चाहिने सबै उपकरण नै आइपुगेको छ। यहाँ अस्पतालमा राजनीति हावी छ, जसले गर्दा काम गर्न सहज छैन," निमित्त मेसु गुप्ताले प्रतीकलाई बताए ।

अस्पतालमा स्वास्थ्यकर्मी र कर्मचारीको अभाव छ । आवश्यक स्वास्थ्यकर्मी नै नरहेपछि पोखरिया नगरपालिकाका बासिन्दाहरू सामान्य तुरहाले बताए । उनको भनाइ अनुसार जिल्ला अस्पतालमा बर्थिङ सेवासमेत भरपर्दो छैन । "गर्भवती महिला पनि पोखरिया अस्पतालमा जान डरमर्दो छ, किनकि सबै गर्भवती महिलाको अवस्था सामान्य नै हुन्छ भन्ने प्रत्याभूति छैन । कतै जटिल अवस्था आयो भने यहाँ केही हुन सक्दैन, फेरि वीरगंज नै पठाउनुपर्छ। यहाँ अलमलिएर बस्दा ज्यान जोखिममा पर्ने भएकोले शुरूमैं गर्भवती महिलाहरू वीरगंज पुग्छन्," तुरहाले कारणसहित बताए ।

उनको कुरामा सही थाप्दै अस्पतालनजीक रानीगंजका सुकदेव गिरीले भने, "यहाँबाट वीरगंज १८ किलोमिटरको दूरीमा छ। यहाँ उपचार हुँदैन वीरगंज लैजाऊ भन्ने बित्तिकै लैजान सकिँदैन, त्यसैले हामी पहिले नै वीरगंज पुग्छौं, ज्यान किन जोखिममा राख्ने ?"

"पोखरियामा चिकित्सकले लेखे अनुसारको औषधिसमेत नपाउने उनले बताए । सरकारले निश्शुल्क उपलब्ध गराउने भनिएको औषधि यहाँ पाइँदैन। चिकित्सकले लेखिदिन्छन् तर पाउन गाह्रो छ, त्यही औषधि फेरि बाहिर पैसा तिरेर किन्नुपर्छ । अस्पतालमा केही औषधि उपलब्ध भइहाले पनि म्याद गुज्रेको पाइन्छ," गिरीले आफूले बिरामी लिएर जाँदा कफ सिरप, स्लाइन पानीलगायतमा उपभोग्य मिति नाघेको फेला पारेको बताए ।

त्यसैगरी, अस्पतालमा सेवा लिन पुग्ने बिरामीलाई शौचालयको समेत समस्या छ। शौचालय भएपनि त्यसको मरम्मत सम्भार एवं सरसफाइको अभावमा प्रयोग हुन नसक्ने अवस्थामा छ । धाराहरू भाँचिएका, टुटेका छन्, जताततै दुर्गन्ध छ । अस्पतालमा सरसफाइ कर्मचारी नभएको होइन तर उनीहरू हाजिरी मिलाउनका लागि मात्रै आउने गरेको अस्पतालकै स्वास्थ्यकर्मीहरूले खुलासा गरे।

पोखरिया अस्पताल विकास समिति पनि छ । समितिका सदस्यहरूले तलब खाने गरेको तर काम भने वरको सिन्का पर पनि नसार्ने नगरवासीको आरोप छ। अस्पतालका स्वास्थ्यकर्मीले विगत एक वर्षदेखि ओभरटाइम खटेबापतको रकम माग गरिरहेका छन्। विकास समितिका सदस्यहरू केही काम नै नगरी तलब खाएर बसेका छन्। यस सम्बन्धमा मेसु गुप्ताले आफूलाई विस्तृत जानकारी नभएको बताए । अस्पतालको विशेष अधिकार नगरको प्रमुखको हातमा रहेको उनको भनाइ छ।

अस्पतालमा सञ्चालित फार्मेसी र एम्बुलेन्सको हिसाबकिताबसमेत आफूलाई जानकारी नहुने मेसु गुप्ताको भनाइ छ। अस्पतालको संयन्त्र साङ्गठनिक दायरा अनुसार नचलेको कारण समस्या आएको हो।

जिल्लाको मध्यभागमा अवस्थित पोखरिया अस्पताल सुधार हुने र व्यवस्थितरूपमा सञ्चालन हुने हो भने पोखरियालगायत सो आसपासका क्षेत्रका बासिन्दाले समेत सहज स्वास्थ्य सेवा पाउने हुँदा यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरूरी छ।

## बजार खुला, जोर-बिजोर हट्यो तर निषेधाज्ञा जारी

प्रस, वीरगंज, १३ असार/

पर्सा जिल्लामा निषेधाज्ञा असार २० गते राति १२ बजेसम्मको लागि लम्बाइए पनि सेवाहरू भने खुकुलो पारिएको छ। बिजोर प्रणालीमा निजी सवारीसाधन सञ्चालनको अनुमति दिइएकोमा सो पनि हटाइएको छ । नारायणी अस्पतालमा बन्द रहेको बहिरङ्ग (ओपिडी) सेवा



जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालयमा सेवाग्राही तथा खुलेको वीरगंज बजार । तस्वीर: फाइल

सञ्चालनमा ल्याउने निर्णय भएको छ। ओपिडी सेवालाई असार १४ गतेदेखि सञ्चालनमा ल्याउन भनिए पनि एक/दुई दिन समयावधि लम्बिन सक्ने मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले बताए। उनले व्यवस्थापनका लागि एक/दुई दिन समयावधि लम्बिए पनि अविलम्ब सञ्चालनमा ल्याउने बताए ।

यी सबै कार्य स्वास्थ्य सुरक्षा मापदण्डलाई पालना गर्ने गरी सञ्चालन हुनुपर्ने जिल्ला कोभिड सङ्कट व्यवस्थापन समितिले निर्देशन गरेको छ ।

पर्सा जिल्लाका सरकारी कार्यालयहरू गत सातादेखि नै सञ्चालनमा आइसकेका छन् ।

जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र पर्साको आइतवार बसेको बैठकले असार २० गतेसम्म पुनः एक साता निषेधाज्ञालाई निरन्तरता दिने सिफारिश गरेबमोजिम जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकार पीताम्बर घिमिरेले वैशाख १६ गतेदेखि जारी निषेधाज्ञालाई नवौंपटक थप गर्दै असार २० गतेसम्म लम्ब्याएका हुन् ।

निषेधाज्ञा एक साताको लागि थप गरिए पनि यसअघि बजार बिहान १० बजेदेखि ५ बजेसम्म खुला गर्ने भनिएकोमा अब पूर्ववत्रूपमा सञ्चालनमा आउने भएका छन्। बजार सञ्चालनको लागि समयावधि हटाइएको छ। यसैगरी, जोर–

औषधोपचार, अत्यावश्यक कामका लागि बाहेक घरबाट बाहिर निस्कन र हिंड्डुल गर्न पूर्ववत् निर्णय अनुसार रोक लगाइएको छ। सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, हाटबजार, मनोरञ्जन स्थल, सैलुन, ब्युटीपार्लर, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, सङ्ग्रहालय सञ्चालनमा रोक कायमै छ ।

होटल एवं रेन्टुराँहरूलाई यो अवधिमा सञ्चालकले ग्राहकलाई सामान दिएर पठाउन सक्ने र होम डिलिभरी गर्न पाउने गत साताको निर्णयलाई यथावत् राखिएको छ ।

वीरगंज मुख्य नाकाबाहेकका भारतबाट जिल्ला प्रवेश गर्ने अन्य नाकाबाट सीमा वारपारमा रोक लगाइएको छ।

## विश्रामपुर गापामा सेवा सुविधाको नाममा भ्रष्टाचार

प्रस, वीरगंज, १३ असार/

बारा, विश्रामपुर गाउँपालिकाले सेवा सुविधाको नाउँमा लाखौं रकमको भ्रष्टाचार गरेको छ।

महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा आर्थिक वर्ष २०७५/७६ मा मात्र रु ४ करोड ३ लाख ४७ हजार बेरुजू देखिएको छ । बेरुजू रकममा अधिकांश रकम कर्मचारीहरूले सेवा सुविधामा खर्च गरेको तथ्याकले देखाएको छ ।

खरीद गरिएका महँगा सामानहरू कर्मचारीहरू सरुवा हुँदा लिएर गएपछि सो सामानहरू असुल गर्न प्रतिवेदनले निर्देशनसमेत दिएको छ ।

गाउँपालिकाका पदाधिकारीहरूको सेवा सुविधा सम्बन्धमा सम्बन्धित प्रदेशसभाले बनाएको कानूनलाई बेवास्ता गरी रु ७ लाखमा दुईपटक गरी २७ वटा मोबाइलसमेत खरीद गरिएको देखिन्छ। गाउँपालिकाले २०७६ असार मसान्तसम्म रु ४लाख ६९ हजार ६४४ को २० थान, रु १ लाख ३५ हजार ३५ मा १ थान तथा २०७६ मङ्सिर २ गते रु २ लाख ३० हजार ५०० मा छवटा गरी २७ वटा मोबाइल खरीद गरिएको पाइएको छ ।

अनुगमन तथा अन्य सेवाको नाममा अध्यक्ष तथा अन्य पदाधिकारीले रु ११ लाख तथा रु २९ लाख १८ हजार गरी ४० लाख रुपैयाँ सिध्याएका छन् । गाउँपालिकामा नीतिगत भ्रष्टाचारको कुरै नगरौं गोप्य टेन्डर निकाली लाखौं रकम कमिसन खाएको स्रोतले जानकारी दिएको छ।

प्रौढ कक्षा सञ्चालन गर्न सुनौलो नेपाल, सम्भौता पर्सालाई रु चार लाख, एक्शन फर स्किल डेभलपमेन्ट प्रालि वीरगंजलाई दुई महीने सिलाइकटाइ तालीम सञ्चालनको लागि रु ४ लाख ९८ हजार ३५८ तथा एग्रिकल्चर एन्ड स्किल डेभेलपमेन्ट प्रालि सम्भौता, पर्सालाई विभिन्न जातका २ हजार ५०० वटा बिरुवा किन्न रु २ लाख २५ हजार तथा बाँसको डाला खरीद गर्न रु २ लाख ३९ हजार गरी रु ४ लाख ६४ हजार

(बाँकी अन्तिम पातामा)

### छोटकरी

## सातजना सङ्क्रमित थप

प्रस, वीरगंज, १३ असार/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले आइतवार सातजना सङ्क्रमित थप भएको जनाएको छ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले ८६ जनाको स्वाब परीक्षण गर्दा अस्पतालको प्रयोगशालाले आइतवार साँझ सातजना सङ्क्रमित पुष्टि गरेको बताए।

पर्साका एक, बाराका चार र सर्लाहीका दुई गरी सातजना सङ्क्रमित थपिएको र उनीहरूको उमेर १४ देखि ५३ वर्ष रहेको तथा सिटी भ्याल्यू २७ देखि ३४ रहेको डा सिंहले बताए।

## ४० जना अपाङ्गले निश्शुल्क कृत्रिम खुट्टा पाए

विमला गुप्ता, वीरगंज, १३ असार/

रोटरी क्लब अफ वीरगंजले सञ्चालन गरेको रोटरी महावीर कृत्रिम खुट्टा प्रदान गर्ने केन्द्रबाट ४० जनाले निश्शुल्क कृत्रिम खुट्टा पाएका छन् ।

भारतको रोटरी महावीर जयपुरको संस्थासँग सहकार्य गरी रोटरी क्लबले चैतदेखि निश्शुल्क कृत्रिम खुट्टा प्रदान गर्दै आएको छ। सो केन्द्रमा अहिलेसम्म पर्सा, बारा, दाङ र भारतको सुगौलीका ४० जना अपाङ्गलाई कृत्रिम खुट्टा वितरण गरिएको केन्द्रका पर्यवेक्षक तथा बालरोग विशेषज्ञ डा आनन्दकुमार झाले बताए ।

केन्द्रबाट नेपाल र भारतका अपाङ्गलाई निश्शुल्क कृत्रिम खुट्टा वितरण गर्दै आएको हाडजोर्नी विशेषज्ञ डा शाश्वतप्रसाद शाहले बताए । दुर्घटनामा परेका तथा कलकारखानामा कार्यरत मजदूरहरूलाई केन्द्रबाट कृत्रिम खुट्टा वितरण गर्दै आएको उनले बताए।

डा झाका अनुसार कृत्रिम खुट्टा उत्पादन गर्ने भारतको 'जयपुर फूट लिम्ब'सँग सहकार्य गरेर केन्द्र सञ्चालन गरिएको छ। यसका लागि वीरगंजका दुईजना युवकले कृत्रिम खुट्टा बनाउने विधिबारे प्रशिक्षण लिएका छन्। कृत्रिम खुट्टा बनाउनका लागि अहिले केन्द्रमैं मेशिनहरूको ल्याइएको र एक दिनमा एकजनाको लागि कृत्रिम खुट्टा बन्ने गरेको उनले बताए ।

डा झाले शिविरमा लगाइने कृत्रिम



तस्वीर: सौजन्य

खुट्टाभन्दा यहाँ आएर उपचार विधिबाट लगाइने कृत्रिम खुट्टा उपयोगी हुने बताए। चिकित्सकको निगरानीमा बनाइने कृत्रिम खुट्टा बलियो र हिंड्डुल गर्न सहज हुने उनले बताए ।

छपकैयास्थित रोटरीको भवनमा केन्द्र सञ्चालित भएकोले सेवाग्राहीले मोबाइल नम्बर ९८२११००१४४ मा फोन गरी सेवन लिन सक्ने उनले बताए । उनले कृत्रिम खुट्टा जडान गर्ने सम्पूर्ण खर्च सहयोगी दाताले बेहोर्ने हुनाले सेवाग्राहीसँग कुनै शुल्क लिने नगरेको बताए ।

**विचारसार र सूक्तिहरू**

**सम्बन्ध र बाटोबीच नजीकको सम्बन्ध छ । कहिले सम्बन्धले बाटो भेटिन्छ भने कहिले बाटोमा सम्बन्ध बन्छ । त्यसैले हिंडिरहनुस् र सम्बन्ध निर्वाह गरिरहनुस् ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# सेवाभाव कि मेवाभाव

**देशमा थरीथरीका प्राकृतिक विपद् आइलाग्छन् । गरीब मुलुक होस् वा धनी सबैले प्राकृतिक विपद्को सामना गर्नुपर्छ । धनी र मुलुकप्रति माया भएका नागरिक र तिनका शासक वर्गले विपद् व्यवस्थापनको दीर्घकालीन उपचार सोच्छन्, गर्छन् र विपद्को असर न्यूनसम्म झार्न सफल हुन्छन् । अविकसित मुलुक र जनताप्रति गैरजिम्मेवार शासकहरू भने विपद् आइलागेपछि उपचारको तारतम्य मिलाउन कस्सिन्छन् । नेपाल त्यस्तै मुलुकमध्ये पर्दछ । लामो समयदेखि हामीले अनुभव गरेको कुरा हो–जाडोमा शीतलहर चल्छ, मानिस मर्छन् । गर्मीमा आगलागी हुन्छ, करोडौं–अर्बौंको धन–सम्पत्तिलगायत मानिस वा चौपायाहरूको क्षति हुन्छ । वर्षामा बाढी–पहिरो जान्छ, त्यसमा पनि धन–सम्पत्ति र प्राणीहरूको विनाश हुन्छ । वन–जङ्गलमा डढेलो लाग्छ, रूख बिरुवा, पशुपक्षीहरूको उठिबास लाग्छ । देशमा केन्द्रस्तरदेखि जिल्लास्तरसम्म विपद् व्यवस्थापन समिति छ, जसको काम विपद्बाट नोक्सानी हुन नदिनु हो । तर विपद् आएपछि मात्र ती सक्रिय हुन्छन् । नोक्सानी भइसकेपछि केहीले क्षतिपूर्ति भने पाउने गरेका छन्, शायद लोकतन्त्रको आग्रहले ।**

**विपद् व्यवस्थापन भनेपछि विपद् आउनु अगावै त्यसको उपचारको बन्दोबस्त गर्नु हो । कोरोनाजस्तो महाविपद्को लागि विवशता सुहाउँछ, त्यो पनि पहिलोपटकमा । दोस्रोबारे त हामीले पर्याप्त सतर्क हुने अवसर पाएकै हो, तर पहिलोभन्दा दोस्रोमा मानिसको बढी क्षति भयो । केही हाम्रो कानून, केही शासकहरूको प्रवृत्ति, निजामती कर्मचारीको मनोविज्ञान र नागरिकको सबै काम सरकारको थाप्लोमा राख्ने मनोवृत्ति यी सब कारणले विपद् व्यवस्थापन त हुन्छ, तर समय बितिसकेपछि । आजसम्म हामीले आगलागीको उपचार खोज्न सकेनौं, शीतलहर प्रत्येक वर्ष आउँछ, आफ्नो क्षमताले भ्याएसम्म समयपूर्व न्यानो कपडाको जोहो गर्न सक्दैनौं । पोहोर त कति हास्यास्पद स्थिति देखियो भने आवश्यक रकम हुँदाहुँदै जटिल कानूनी प्रक्रियाले गर्दा आवश्यक खरीद नै गर्न सकिएन । तराई–मधेसमा बाढी आउँछ, पहाडमा पहिरो जान्छ, सबैलाई थाहा भएको कुरा हो । तर सरकारहरू बाढी र पहिरो नियन्त्रणको वैज्ञानिक उपचार खोज्नुको साटो यसलाई सघाउ पुग्नेगरी पहाड फोड्ने, नदीहरूको अनावश्यक दोहन गर्ने कार्यलाई गौरवका साथ अघि बढाउँछन् । हाम्रा पहाड कलिला छन्, हाम्रा नदीहरू अधिकांश खहरे खोला हुन्, तिनको वैज्ञानिक व्यवस्थापन गरिँदैन भने यो समस्या बर्सेनि दोहोरिइरहन्छ ।**

**झन् अचेल त विकासको नाममा पानीको प्राकृतिक बहावको वास्तै नगरी सडक र नाला बनाइँदै छ, जथाभावी ठूला–ठूला घर बनाइँदै छ, जसले स्थानीयस्तरमा मानवजन्य बाढी र देशव्यापीरूपमा ठूलो बाढीको ओइरो नै लाग्न थालेको छ । विकास, निर्माण, कानून यी नागरिकको सुविधाको लागि हो । जब यसले नागरिक हितविपरीत प्रतिफल दिन्छ, हामीले विचार पुऱ्याउनुपर्छ । तर विचार पुऱ्याउने काम कसैले गर्दैन । सरकारले यसैमा देशहित र नागरिकको चाहना फलीभूत भएको देख्छ र जनतालाई पनि तत्काल यही चाहिएको छ । एक छिनको सुविधाका लागि हामीले भविष्यमा कुन मूल्य चुकाउनुपर्छ त्यसमा कसैको चासो देखिएको छैन । विकास, निर्माण हुनुपर्छ, तर भूगोल अनुसार । हाम्रो आवश्यकता के हो, त्यसको हाम्रो भूगोलसँग तारतम्य मिलाउन सकिएन भने देश विकास होइन, विनाशको बाटोमा लम्कन्छ ।**

# शिक्षकको भूमिका र दायित्व

शिक्षा नेपाल




अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**सामाजिक ज्ञानको अभावमा जहाँ एकातिर विद्यार्थीहरू समाजलाई सही दिशा प्रदान गर्न असमर्थ हुन्छन्, त्यहीं आध्यात्मिक ज्ञानको अभावमा गलत निर्णय लिएर आफूसँगै परिवार, समाज, देश र विश्वलाई पनि विनाशतिर लग्ने कारण बन्न सक्छन् ।**

शिक्षाको प्रमुख आधार शिक्षकहरू नै हुन् । शिक्षकहरू विद्यार्थीको व्यक्तित्व निर्माता मात्र नभई राष्ट्र निर्माता पनि हुन् । कुनै पनि राष्ट्रको मूर्तरूप त्यस देशको नागरिकमा प्रस्फुटित हुन्छ । कुनै पनि राष्ट्रको विकासमा उसको भविष्यको नागरिकलाई शिक्षा दिने वा तयार गर्ने कार्यमा त्यस देशका शिक्षकहरूको अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ । प्राचीन कालदेखि शिक्षकहरूको महत्त्वको गुणगान उनीहरूद्वारा प्रदान गरिने ज्ञानको कारणले नै हुँदै आएको छ । वर्तमान समाजमा शिक्षाको महत्त्व त छ, तर शिक्षकको प्रतिष्ठा र महत्त्व निरन्तर घट्दै गइरहेको छ । यसको लागि वर्तमान शिक्षा पद्धति र बदलिंदो सामाजिक परिवेश दोषी साथै शिक्षकको दोष पनि कम छैन । शिक्षालाई शिक्षकहरूले एउटा पवित्र, निस्स्वार्थ सेवाकर्मको साटो एक प्रकारको व्यवसाय बनाएका छन् । परिणामस्वरूप शिक्षकहरूको सम्मान पहिलेजस्तो छैन ।

यसो भनिराख्दा के पनि सत्य हो भने दक्ष शिक्षकहरूको काँध वा बलमा नै राष्ट्रलाई सुखी र समृद्ध बनाउने सौभाग्य प्राप्त हुन्छ । यदि आज पनि शिक्षकहरू निष्ठापूर्वक विद्यार्थीहरूको भविष्य निर्माणतर्फ अग्रसर हुन्छन् भने देशको भविष्य सपार्न धेरै बेर लाग्दैन । शिक्षकहरूको भूमिका विद्यार्थीहरूलाई पढाउनुसम्म सीमित नभई उनीहरूलाई सामाजिक जीवनसँग सम्बन्धित दायित्व बोध गराउनुको साथै समाज निर्माणको लागि योग्य बनाउनु पनि हो । भविष्यमा यस्तै विद्यार्थीहरू समाज वा राष्ट्र विकासका आधार बन्छन् । कसैले के भनेको पनि छ–शिक्षा व्यवस्थामा सबैभन्दा महत्त्वपूर्ण घटक शिक्षक हो । शिक्षाबाट समाजले जस्तो अपेक्षा गरेको छ र जुन उद्देश्य पूर्तिको चाहना राखेको छ त्यो शिक्षकमाथि निर्भर छ । शिक्षकहरूको दायित्व के हो भने उनीहरूले समाज र राष्ट्रको इच्छा र आकाङ्क्षा पूरा गरून् तर यो दायित्व निर्वहन हुन सकिरहेको छैन ।

भारतीय शिक्षाशास्त्री डा. ईश्वर दयाल गुप्तका अनुसार "शिक्षा प्रणाली जुनसुकै भए तापनि त्यसको प्रभावशीलता र सफलता त्यस प्रणालीमा सामेल शिक्षकहरूको कार्यमा भर पर्दछ किनभने नागरिकलाई शिक्षित गर्नु भनेको समाजको आकाङ्क्षा पूर्ति गर्नु हो ।" अर्थात् विद्यार्थीहरूको मानसिक विकासमा शिक्षकको महत्त्वपूर्ण भूमिका हुन्छ । एउटा सीपयुक्त शिक्षकले आफ्नो शिक्षण शैलीबाट विद्यार्थीहरूमा राष्ट्रिय भावना विकास गर्न सक्छ । राष्ट्रियताको भावले एउटा विद्यार्थीलाई एकातिर राष्ट्रभक्त र आदर्श नागरिक बनाउँछ भने अर्कोतिर राष्ट्रिय एकताको विकास गर्न सहयोग गर्दछ । यस कारण के भन्न सकिन्छ भने नेपालको भविष्य कक्षा कोठामा निर्माण भइरहेको छ । यस तथ्यले परोक्षरूपमा शिक्षकको भूमिकालाई पनि सुनिश्चित गरिरहेको छ । तर विडम्बना के छ भने विभिन्न बहानामा कक्षा कोठामा ताल्चा झुन्ड्याउने चलन बढिरहेको छ ।

कोरोनाकालमा त हामी सबैले बिर्सिसकेका छौं कि शिक्षक एउटा सशक्त फ्रन्ट वर्कर हो । यसको प्रत्यक्ष उदाहरण शिक्षा र शिक्षकसँग सम्बन्धित संस्थाहरूले पटकपटक कोरोना खोपका लागि गुहार लगाउँदासमेत उनीहरूको पालो चर्चामा पनि आएको सुनिंदैन । यो एउटा प्रतीक उदाहरण मात्र हो । यस उदाहरणबाट के प्रस्ट हुन्छ भने हामीले कस्ता नेतृत्व पङ्क्तिको निर्माण गरेका छौं ? हाम्रा नेताहरू, जसलाई हामी शिक्षकहरूले नै शिक्षा दिएका छौं, उनीहरू कस्ता छन् ? कोरोनाजस्तो महामारीमा पनि भ्रष्टाचार र महँगी चरम सीमा पार गरिसकेको छ । यस्तोमा हामी आफ्नो भूमिका र दायित्वप्रति सचेत भएनौं भने राष्ट्र नै दुर्घटनाग्रस्त हुनेछ ।

राष्ट्र विकासमा शिक्षकको भूमिकालाई केही प्रमुख कुराहरूबाट बुझ्न सकिन्छ । शिक्षा एउटा यस्तो प्रक्रिया हो जसले केटाकेटीहरूमा निहित आन्तरिक गुण र शक्तिलाई बाहिर ल्याउने काम गर्छ । एउटा दक्ष शिक्षकले नै केटाकेटीहरूमा निहित आन्तरिक गुण चिनेर त्यसलाई विकसित गर्न सक्छ र शिक्षकबेगर यो कार्य सम्भव हुँदैन । शिक्षासेवी गुडवर्थका अनुसार "व्यक्तित्व, मानिसको सम्पूर्ण व्यवहारको व्यापक विशेषताको नाउँ हो ।" आधुनिक कालमा विद्यार्थीहरूको आन्तरिक क्षमताको विकास हुनु पर्याप्त होइन । उनीहरूको बाह्य व्यक्तित्वको विकास पनि त्यतिकै आवश्यक हुन्छ । शिक्षकहरूले विद्यार्थीहरूको आन्तरिक र बाह्य दुवै खाले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

मानिस एउटा सामाजिक प्राणी हो र उसलाई समाज अनुकूल बनाउने दायित्व शिक्षकको हो । शिक्षकले नै मानिसलाई समाजको आदर्श, मूल्य र मान्यतासँग परिचित गराउँछ । समाजप्रति हाम्रो कर्तव्य र अधिकार के हो भन्ने कुराको जानकारी शिक्षकबाट नै प्राप्त हुन्छ । विद्यार्थीहरूमा केही जन्मजात प्रवृत्ति हुन्छ । एउटा असल शिक्षकले ती प्रवृत्तिलाई शुद्ध गर्ने काम गर्छ, उनीहरूको मार्ग निर्देशन गर्छ र नियन्त्रित गर्ने काम पनि गर्छ । शिक्षकहरूको काम विद्यार्थीको मूल प्रवृत्तिमा सुधार गरेर उसलाई समाज र राष्ट्रसेवाको लागि प्रेरित गर्नु पनि हो । सँगसँगै शिक्षकले विद्यार्थीहरूलाई विभिन्न विषयको शिक्षा दिन्छ । शिक्षकले आफ्ना विद्यार्थीहरूलाई शिक्षा हासिल गरेपछि परिवार, समाज र राष्ट्रप्रति कर्तव्य पालन गर्ने योग्य बनाउँछ ।

विद्यार्थीहरूको चरित्र निर्माण तथा नैतिक विकासको जिम्मेवारी पनि शिक्षककै हुन्छ । राम्रो शिक्षाद्वारा नै केटाकेटीहरू सत्यं, शिवं, सुन्दरम्सँग साक्षात्कार गर्छन् र त्यसलाई आफ्नो आचरणमा ल्याउने प्रयास गर्छन् । महात्मा गाँधीले भनेका छन्–"यदि शिक्षाले आफ्नो नाउँ सार्थक बनाउनु छ भने उसको प्रमुख कार्य नैतिक शिक्षा प्रदान गर्ने हुनुपर्छ । त्यहीं अर्कोतिर शिक्षकको कर्तव्य आफ्नो शिक्षाद्वारा विद्यार्थीहरूमा आदर्श नागरिकको गुण विकसित गर्नु हो, जसबाट विद्यार्थीहरूले आफ्नो अधिकार र कर्तव्यलाई सजिलै बुझ्न सकून् । भविष्यमा त्यसको समुचित उपयोग गर्न सकून् किनभने आदर्श नागरिकले नै आदर्श राष्ट्र निर्माणमा मुख्य भूमिका निर्वाह गर्न सक्छ ।

राष्ट्रियता र देशभक्तिको भावनाको सञ्चार एउटा आदर्श शिक्षकले नै आफ्नो शिक्षाद्वारा विद्यार्थीहरूमा प्रसार गर्न सक्छ । कुनै पनि राष्ट्रको स्वतन्त्र अस्तित्व उसको आदर्श नागरिकमाथि निर्भर हुन्छ । नागरिकहरूको सहयोगले नै राष्ट्र उन्नत र सशक्त बन्छ । प्रत्येक जागरुक नागरिक राष्ट्र निर्माणमा सहायक हुन्छ र शिक्षकले आफ्नो पुरुषार्थबाट अबोध बालबालिकाहरूलाई सुयोग्य नागरिक बनाएर राष्ट्र निर्माणमा आफ्नो दायित्व निर्वाह गर्छ । एउटा शिक्षकले विद्यार्थीहरूलाई संस्कृति र राष्ट्र गौरवबाट परिचित बनाउँछ । शिक्षकले आफ्नो मन, वचन, कर्म र व्यवहारले एउटा आदर्श प्रस्तुत गरेर सबै विद्यार्थीमा राष्ट्रभक्ति उत्पन्न गर्दछ । यस्ता शिक्षकबाट नै विद्यार्थीहरूलाई नयाँ दिशा प्राप्त हुन्छ र उनीहरू राष्ट्र निर्माणमा सहयोग गर्छन् ।

जीवनमा प्रगति मार्गमा अग्रसर हुनको लागि उचित दिशा–निर्देश आवश्यक हुन्छ । निर्देशन कैयन प्रकारको हुन्छ । जस्तै व्यक्तिगत निर्देशन, शैक्षिक निर्देशन र व्यावसायिक निर्देशन । व्यक्तिगत निर्देशनबाट मानिसको व्यक्तिगत समस्या समाधानमा मदत मिल्छ भने व्यावसायिक निर्देशनबाट मानिसको रुचि, योग्यता र क्षमता जाँचेर त्यस अनुरूप व्यवसाय छान्न सल्लाह दिइन्छ । एउटा शिक्षकले यी सबै विषयमा सही परामर्श दिएर देशको सफल नागरिक बन्न विद्यार्थीहरूलाई सहयोग गर्छ ।

एउटा कुशल शिक्षकले प्रत्येक विद्यार्थीलाई सबै विषयको सक्दो, सर्वोत्तम शिक्षा दिएर असल डाक्टर, इन्जिनीयर, न्यायिक एवं प्रशासनिक अधिकारी बनाउनुका साथै सभ्य मानिस पनि बनाउँछ । सामाजिक ज्ञानको अभावमा जहाँ एकातिर विद्यार्थीहरू समाजलाई सही दिशा प्रदान गर्न असमर्थ हुन्छन्, त्यहीं आध्यात्मिक ज्ञानको अभावमा गलत निर्णय लिएर आफूसँगै परिवार, समाज, देश र विश्वलाई पनि विनाशतिर लग्ने कारण बन्न सक्छन् । यस कारण शिक्षकको कर्तव्य हो प्रारम्भदेखि नै विद्यार्थीहरूको जग बलियो बनाएर सुन्दर, सभ्य समाज निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरून् ।

यस कारण एउटा आदर्श शिक्षक त्यो हो जो आफ्नो विद्यार्थीको चौतर्फी विकासको लागि प्रयत्नशील रहन्छ । यसरी शिक्षक एउटा सुसभ्य एवं शान्तिपूर्ण राष्ट्र र विश्व–निर्माता हो । प्रत्येक शिक्षकले आफ्ना विद्यार्थीहरूलाई एउटा राम्रो र सुरक्षित भविष्य दिनको लागि, विश्व शान्ति र एकताको स्थापनाको लागि विद्यार्थीहरूको कलिलो मन र मस्तिष्कमा नेपाली संस्कृति र सभ्यताको रूपमा 'वसुदैव कुटुम्बकम्'को बीउ छर्नुपर्दछ ।

# रिट निवेदकका पक्षबाट सकियो बहस, सोमवार सरकारी पक्षको शुरू

काठमाडौं, १३ असार/रासस

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनसम्बन्धी रिट निवेदन पक्षको बहस आइतवार सकिएको छ भने सोमवारबाट सरकारी पक्षको बहस शुरू हुने भएको छ । नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवासहित १४६ सांसदले दायर गरेको रिट निवेदनमाथि सुनुवाइको चौथो दिन आज रिट निवेदकका पक्षबाट बहस सकिएको हो ।

इजलासले निवेदक पक्षलाई १२ घण्टाको समय दिएको थियो । सो समयमा रिट निवेदकका तर्फबाट ३६ जना कानून व्यवसायीले बहस गरेका थिए । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, वरिष्ठ न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको संवैधानिक इजलासमा गत बुधवारदेखि नियमित बहस शुरू भएको हो ।




निवेदक पक्षका कानून व्यवसायीको मुख्य जिकिरहरूमा नेपालको संविधानको धारा ७६ (३) अन्तर्गत बनेका वर्तमान प्रधानमन्त्रीले उपधारा ५ को प्रक्रियामा सहभागी हुन नपाउने र धारा ७६ (३) को विश्वासको मत गुमाएको प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्ने अधिकार नभएको उल्लेख गरिएको छ । यस्तै, धारा ७६ (३) अनुसार गठित प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्नेमा त्यो मत नलिनु भनेको संविधानको अवमूल्यन हो भन्दै प्रधानमन्त्रीको पद रिक्त नहुँदै धारा ७६

(बाँकी अन्तिम पातामा)

# बीमितको परिवारलाई रकम हस्तान्तरण

प्रस, वीरगंज, १३ असार/

सानिमा लाइफ इन्स्योरेन्स कम्पनीले कोरोना सङ्क्रमणबाट मृत्यु भएको बीमितको परिवारलाई जीवन बीमाबापतको १० लाख रुपियाँ भुक्तान गरेको छ ।

इन्स्योरेन्स कम्पनीका वीरगंज शाखा प्रबन्धक नविरसूल अन्सारीले वीरगंज–१३ निवासी मृतक सुनीता श्रीवास्तवका जेठा छोरा राहुल श्रीवास्तवलाई रु १० लाखको चेक हस्तान्तरण गरेको बजार व्यवस्थापक रुस्तम मियाँले बताए ।

मृतक श्रीवास्तवले गत २०७७/७/१ मा रु १० लाख ३५ हजारको जीवन बीमा गराएकी थिइन् र रु ६७ हजार ३७९ प्रिमियम भुक्तानी गरेकी थिइन् । उनको




मृत्यु गत वैशाख २३ गते कोरोना सङ्क्रमणबाट भएपछि उनका छोरालाई बीमाबापतको रकम भुक्तानी गरिएको हो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## जम्मु विमानस्थलमा शक्तिशाली विस्फोट

जम्मु, १३ असार/पिटिआई

भारतको जम्मुस्थित विमानस्थलमा आइतवार शक्तिशाली विस्फोट भएको छ।

स्थानीय समय अनुसार बिहान १:४५ बजे पहिलो विस्फोट भएको थियो। घटनास्थललाई सुरक्षा फौजले सुरक्षा घेरामा लिएको जनाएका छन्।

प्रारम्भिक विवरणमा कुनै मानवीय क्षति भएको विवरण छैन," एकजना सुरक्षा अधिकारीले भने।



भारतको जम्मुस्थित विमानस्थलमा विस्फोटपछि चेकजाँचका लागि पुगेका अनुगमन टोली। तस्वीरः एजेन्सी

विस्फोटका कारण कसैलाई घाउचोट लागेको र कुनै यन्त्रमा क्षति भएको विवरण पनि प्राप्त नभएको उनले जानकारी दिए।

करीब पाँच मिनेटको अन्तरमा दुईपटक विस्फोट भएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन्।

विमानस्थलको उच्च सुरक्षासहितको प्राविधिक क्षेत्रमा भएको विस्फोटबाट कुनै मानवीय क्षति भएको विवरण भने अहिलेसम्म नआएको अधिकारीहरूले दिएको छ।

दुई विस्फोटमध्ये पहिलो विस्फोट प्राविधिक क्षेत्रको एउटा भवनको छतमा भएको थियो भने दोस्रो विस्फोट जमीनमा भएको थियो।

"जम्मु विमानस्थलभित्र अति संवेदनशील क्षेत्रमा दुई विस्फोटन भएको खबर आएको छ, घटनाका बारेमा प्राप्त

घटनाका बारेमा छलफल र समीक्षा गर्न उच्च सुरक्षा अधिकारीहरूको बैठक बोलाइएको पनि उनले बताए। घटनालाई सुरक्षा अधिकारीहरूले गम्भीरतापूर्वक लिएको पनि जनाइएको छ। रासस

## भारतमा थप ५० हजार सङ्क्रमित, ९६.७५ प्रतिशत सङ्क्रमणमुक्त

नयाँ दिल्ली, १३ असार/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्या ५० हजारमा झरेको छ।

सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा ५० हजार ४० जना नयाँ सङ्क्रमित थपिएका छन्।

योसँगै भारतमा अहिलेसम्म कोरोना भाइरसबाट कुल सङ्क्रमितको सङ्ख्या तीन करोड दुई लाख ३३ हजार १८३ पुगेको छ।

सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो ४५ दिनदेखि दैनिक सङ्क्रमितहरूको सङ्ख्या घट्दै गइरहेको छ।

भारतमा पछिल्लो एक दिनमा ५७ हजार ९४४ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अधिकारीहरूले भारतमा अहिले पाँच लाख ८६ हजार ४०३ जना अहिले पनि कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामैं रहेको जानकारी दिएका छन्। यो सङ्ख्या पनि घट्दै गएको देखिएको छ।

भारतमा कुल सङ्क्रमितमध्ये ९६.७५ प्रतिशत मानिस कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको तथ्याङ्क छ।

कुल सङ्क्रमितमध्ये अहिलेसम्म कुल दुई करोड ९२ लाख ५१ हजार २९ जना सङ्क्रमणमुक्त भएका छन्।

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये तीन लाख ९५ हजार ७५१ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार कुल सङ्क्रमितमध्ये १.९४ प्रतिशत मात्रै अहिले सङ्क्रमित अवस्थामा रहेका छन्। भारतमा अहिलेसम्म ३२ करोड १७ लाख मानिसलाई कोरोना भाइरसको खोप लगाइएको छ। तीमध्ये ६४ लाख २५ हजार खोप शनिवार एक दिनमा मात्रै लगाइएको छ। रासस

## यमनको मरिब भिडन्तमा कम्तीमा १११ जना यमनीको मृत्यु

दुबई, १३ असार/एएफपी

यमनका विद्रोही समूह र सरकारी सुरक्षा फौजबीच मरिबमा भएका भिडन्तहरूमा परेर तीन दिनको अवधिमा


तस्वीरः रायटर्स

कम्तीमा १११ जना यमनीको ज्यान गएको छ। यमनका हुथी विद्रोहीले यमनको मरिबमा आक्रामक कारबाई शुरू गरेपछि भएका यी भिडन्तमा दुवैतर्फबाट जनधनको क्षति भएको सरकारी स्रोतले जनाएको छ।

हुथी विद्रोहीहरूले मरिबलाई आफ्नो नियन्त्रणमा ल्याउन प्रयासरत छन्। यो क्षेत्र उत्तरी यमनको सरकारी नियन्त्रणमा रहेको एकमात्र स्थान हो।

बिहीवार र आइतवार भएका भीषण लडाइँमा सरकार समर्थित २९ जना सैनिकको ज्यान गएको छ भने कम्तीमा ८२ जना विद्रोही मारिएको सरकारी सूत्रले जनाएको छ। तर विद्रोही हुथी समूहले आफ्ना लडाकूको ज्यान गएको बारेमा केही बताएको छैन।

यमनका सरकारी अधिकारीको भनाइमा बिहीवारदेखि हुथी विद्रोहीले उत्तर, दक्षिण र पश्चिमतर्फबाट मरिबमा भीषण आक्रमण गरिरहेका छन्। तर लडाकूहरू मरिबको भित्री तहमा प्रवेश गर्न पाएका छैनन्। मरिबलाई विद्रोहीको कब्जामा पुग्न नदिन सरकार समर्थित सेनालाई साउदी अग्रसरताको गठबन्धनले हवाई सहयोग गरिरहेको छ।

एकजना सरकारी सैन्य अधिकारीले मरिब क्षेत्रमा दुवैतर्फबाट भीषण हमला भइरहेको र साउदी गठबन्धनका सेनाले हवाई आक्रमण गरिरहेको जानकारी दिए।

यमनको मरिब क्षेत्र तेलका लागि धनी छ। यो क्षेत्रलाई नियन्त्रणमा लिन सके हुथी विद्रोहीको क्षमता बढ्ने र शान्तिवार्तामा आफ्नो हात माथि पर्नेछ। तर यो क्षेत्रमा जारी भिडन्तका कारण मानवीय सङ्कट उत्पन्न हुन सक्ने स्थानीय मानवीय सङ्घसंस्थाहरूले बताएका छन्।

यमनका अन्य क्षेत्रमा जारी भिडन्तबाट बच्न धेरै मानिस मरिबमा बस्दै आएका छन्।

यमनमा सन् २०१४ देखि गृहयुद्ध जारी छ। यमनका मुख्य विद्रोही समूह हुथीले राजधानी सानालाई आफ्नो नियन्त्रणमा राखेको छ।

संयुक्त राष्ट्रसङ्घ र अमेरिकाले युद्ध अन्त्य गर्न प्रयास गरिरहे पनि हुथी विद्रोहीहरूले कुनै किसिमको युद्धविराम वा मध्यस्थता हुनुअघि सानास्थित विमानस्थल खुलाउन माग गरिरहेका छन्। यो विमानस्थल सन् २०१६ देखि साउदी प्रतिबन्धका कारण बन्द छ।

मरिबमा रक्तपातपूर्ण स्थिति देखिए पनि हुथी विद्रोहीहरूले साउदी अरेबियाका कैयौं स्थानमा ड्रोन र क्षेप्यास्त्रबाट आक्रमण जारी राखेका छन्।

यसै महीना यमनका लागि राष्ट्रसङ्घीय विशेषदूत मार्टिन ग्रिफिथले युद्ध अन्त्य गराउन तीन वर्षदेखि आफूले गरेको प्रयास त्यतिकै खेर गएको बताए।

यमन गृहयुद्धमा दशौं हजार मानिसको मृत्यु भइसकेको छ भने यमनका ८० प्रतिशतभन्दा बढी मानिस विदेशी सहायतामा निर्भर हुनुपरेको छ। राष्ट्रसङ्घले यस युद्धलाई सर्वाधिक खराब मानवीय सङ्कटको संज्ञा दिएको छ।

युद्धका कारण दशौं लाख व्यक्ति विस्थापित भएका छन्। रासस


## वर्गीकृत विज्ञापन





## चुरे संरक्षण समितिद्वारा मोहोरी तटबन्ध अनुगमन

प्रस, निजगढ, १३ असार/

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका अध्यक्ष डा. किरण पौडेल सहितको टोलीले बारा निजगढ स्थित लालबकैया खोला मोहोरी ड्याम नजिकै भर्खरै सम्पन्न तटबन्धको अनुगमन, निरिक्षण आईतवार गरेका छन्।

चुरे विकास समितिका विभिन्न इकाई मार्फत गरिने तटबन्ध वा अन्य कार्यलाई ठेकेदार, उपभोक्ता वा समुहले इमान्दारिताका साथ काम गर्नु पर्ने बताए। राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको नाउमा गरिने खर्चलाई खेर जान नदिन प्राविधिक कर्मचारीहरूको जिम्मेवारी त छदैछ। यस कार्यमा सहभागी हुने सबै पक्षको पनि दायित्व त्यतीकै रहेको औंल्याउदै चुरेको माथिल्लो तटिय क्षेत्रका साथै तल्लो तटिय क्षेत्रको समेत संरक्षण र विकास त्यतीकै महत्त्वका साथ गर्नु पर्ने जिम्मेवारी समितिलाई रहेको अध्यक्ष डा. पौडेलले बताए।

चुरे संरक्षणका कार्यमा प्रदेश सरकारका साथै स्थानीय तहहरूको समेत चिन्ता र चासोका साथ सहभागीता हुनु पर्ने बताउदै स्थानीय जनताहरूलाई पनि संरक्षणका पाटोमा जानकारी सन्देश प्रवाह गर्नुपर्ने बताए। चुरे क्षेत्र वा नदी खोलाका नदीजन्य पदार्थको जथाभावी उत्खनन दोहनलाई रोक्नु पर्ने बताउदै चुरेबाट बगेर आउने नदीजन्य पदार्थको उपयोग गर्दै मुलुकलाई विकास कार्यमा केही हद सम्म सघाउन सकिने उहाको भनाई थियो।

यसरी चुरेबाट बगेर आएको प्राकृतिक स्रोत साधनको वैज्ञानिक, प्राविधिक रूपमा उच्चतम उपयोग, प्रयोगमा ल्याउन सक्नु पर्दछ। तर् राजस्व आम्दानीको नाउमा जथाभावी उत्खनन, दोहन भने, पटक्कै गर्न नहुने उहाको भनाई थियो।

राष्ट्रपति चुरे तराई–मधेश संरक्षण



निजगढस्थित मोहरी खोलाको तटबन्ध अनुगमन गर्दै। तस्वीरः प्रतीक

विकास समिति कार्यक्रम कार्यान्वयन इकाई भरतपुर चितवनले नदी तथा खोला किनारा स्थितरिकरण कार्यक्रम अन्र्तगत २५० मिटर लम्बाईमा लन्चिङ्ग सहितको तारजालीमा ढुंगा भरि तटबन्धको कार्य यहा गरेको हो। सो तटबन्ध मूल्य अभिवृद्धि कर बाहेक ३७ लाख ६८ हजारको लागतमा जय बकैया कन्ट्रक्सन प्रालि बकैया गापा ३ मकवानपुरले ठेक्का प्रकृयाद्वारा कार्य सम्पन्न गरेको जनाएको छ। गत वर्ष नैं चुरे भएर बग्ने लालबकैया खोलामा आउने बाढीको बेगले ड्यामलाई ठुलो क्षति पुर्‍याएसंगै निजगढ नपाको आग्रहमा सो क्षैंत्रमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाई भरतपुर चितवनले तटबन्ध प्रकृया अघि बढाएको इकाई भरतपुर चितवनका प्रमुख रामहरि पन्थले जानकारी दिए।

यो तटबन्ध लगाएसंगै बागभैरव सामुदायिक वन उपभोक्ता उपभोक्ता समुहले १ सय हेक्टर भन्दा बढी नदी उकास क्षेत्रफलमा हुर्काएको वन क्षेत्र सुरक्षित हुनुका साथै २ सय हेक्टर भन्दा बन्दा बढी खेतीयोग्य जमीनसंगै मानवबस्ती समेत सुरक्षित हुन अनुमान गरिएको छ।

गत वर्षपनि सोही खोलाको खिलामा तटबन्ध गरेसंगै ३५० घरधुरी कछडिया बस्ती जोगिएको थियो भने, आर्यघाट पनि सुरक्षित हुन पुगेको थियो।

सो टोलीले चितवन, मकवापुर, पर्सा, बारा लगायतका विभिन्न स्थानमा चुरे संरक्षणद्वारा भए गरेका कार्यको स्थलगत अनुगमन, निरिक्षण गरेको राष्ट्रपति चुरे तराई–मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाई भरतपुर चितवनका प्राविधिक अनिल सिनहाले जानकारी दिए।

सो टोलीमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका योजना प्रमुख शरदबाबु पंगेनी समेत सहभागी थिए।

## ऋण सम्झौतामा हस्ताक्षर

काठमाडौं, १३ असार/रासस

विश्व बैंकले कोभिड–१९ को महामारीबाट अर्थतन्त्रमा परेको जोखिम न्यूनीकरणका लागि करीब रु १७ अर्ब ७८ करोड ९१५ करोड अमेरिकी डलर बराबरको सहुलियत ऋण उपलब्ध गराउने भएको छ। अर्थ मन्त्रालयमा आज आयोजित द्विपक्षीय सहयोगसम्बन्धी सम्झौतामा नेपाल सरकार र बैंक हस्ताक्षर भएको हो।

उत्थानशील पुनरुत्थान तथा अति विपन्न र जोखिममा रहेकाहरूको संरक्षण एवं दिगो विकास हासिल गर्न नेपाललाई बैंकले उक्त सहुलियतपूर्ण ऋण उपलब्ध गराएको हो। सम्झौतामा सरकारका तर्फबाट अर्थसचिव शिशिरकुमार ढुङ्गाना र माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद–जर्भोसले हस्ताक्षर गरे।

अर्थसचिव ढुङ्गानाले यस सहयोगले कर र भन्सार प्रणाली, सार्वजनिक लगानी व्यवस्थापन, वातावरणीय नियमन र ऋण व्यवस्थापनलगायतका क्षेत्रमा थप सुधार गरी थप मजबूत बनाउन र हरित पुनर्निर्माणमा टेवा पुर्‍याउने बताए। उनले बजेटरी सहायता नेपालको आवश्यकता र प्राथमिकताका आधारमा भौतिक पूर्वाधार आयोजना तथा आर्थिक पुनरुत्थानका क्षेत्रमा परिचालन हुने जानकारी दिए।

अर्थ मन्त्रालय र विश्व बैंकका अनुसार आर्थिक वृद्धि, पुनरुत्थान तथा उत्थानशीलताका लागि विकास नीति सहयोग सम्बन्धित पहिलो चरणको सहयोगले अत्यन्त जोखिममा रहेकाहरूको संरक्षण तथा व्यवसाय वृद्धितर्फ लक्षित सुधारलाई सघाउनेछ। यस क्षेत्रमा गरिने सुधारका कार्यक्रमले सामाजिक सुरक्षा, अन्तरसरकारी संरचनालगायत व्यवसायहरूको पूँजीमा पहुँच आदि विषयमा समेत विशेष ध्यान दिनेछ। यसले रोजगार सिर्जना गर्ने, बजारलाई गतिशील बनाउने र हरित पुनरुत्थानलाई सहयोग गर्ने प्रकृतिका चालू ठूला आकारका विकास आयोजनालाई गति दिन मदत गर्नेछ। सहयोग बजेटरी सहायताका रूपमा प्राप्त हुने विश्वास लिइएको छ।

विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद–जर्भोसले कोभिड–१९ को महामारीका बेला तथा सोपश्चात् पनि यस आयोजनाले नेपालमा दिगो वृद्धि हासिल गर्न सहयोग गर्ने र समावेशी, रोजगार प्रवर्धन तथा पर्यावरणीयरूपमा दिगो हुने बताए। उनले भने, "कोभिड महामारीका समयमा मानिसको जीवनरक्षा तथा अर्थव्यवस्थाको पुनरुत्थान गर्नका लागि सरकारले ल्याएका




कार्यक्रमहरूलाई सघाउन विश्व बैंक प्रतिबद्ध छ।"

यसैबीच, अर्थमन्त्री विष्णुप्रसाद पौडलसँग विश्व बैंकका राष्ट्रिय निर्देशक फारिसले शिष्टाचार भेट गरे। उनले नेपालमा कोभिड नियन्त्रण तथा न्यूनीकरण र उपचारका साथसाथै आर्थिक विकासलाई पनि जोड दिन आग्रह गरे।

अर्थमन्त्री विष्णुप्रसाद पौडलले कोभिडविरुद्धको लडाइँ र आर्थिक पुनर्स्थापनाका लागि नेपाल सही बाटोमा रहेको बताउँदै सो सन्देश विश्व बैंकको नेतृत्वसमक्ष पुर्‍याउन आग्रह गरेका थिए।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | कर्मप्राप्ति | वृष | प्रगति |
| मिथुन | वादविवाद | कर्कट | यात्रालाभ |
| सिंह | शत्रुभय | कन्या | चोरभय |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | कान्तिक्षय | मकर | भाग्योदय |
| कुम्भ | बेचैनी | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### गुठी संस्थान, शाखा कार्यालय, वीरगंज
### गुठीको पोखरी ठेक्का लगाउनेसम्बन्धी ७ दिने सूचना

(दोस्रोपटक प्रकाशित मिति २०७८/०३/१४)

बारा जिल्ला सिम्रौनगढ नपा वडा नं २ मा अवस्थित रामचन्द्र भगवान रनिवासमठको पश्चिमपट्टि रहेको चौरधोई पोखरीको किनं २४३ क्षेफ ०–१०–० (करीब) पोखरीमा झारपातलगायत फोहर हटाइ पोखरीमा गर्नुपर्ने कार्य बोलपत्रदाताले नै गर्नुपर्नेछ। न्यूनतम मूल्याङ्कन रु ५१,०००/– (एकाउन्न हजार) वार्षिक कायम गरिएको छ। पाँच वर्षको लागि पोखरी ठेक्कामा लिन इच्छुक व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको सातौं दिन कार्यालय समयभित्र प्रत्येक ठेक्काको रु १,०००/– (एक हजार फिर्ता नहुनेगरी) तिरी बोलपत्र फाराम यसै कार्यालयबाट लिन सकिनेछ। ८औं दिनको मध्याह्न १२ बजेभित्र आफूले तिर्न बुझाउन सकार गरेको रकम अङ्क र अक्षरमा लेखी सहीछाप गरी सिलबन्दी बोलपत्र फाराम पेश गरिसक्नुपर्नेछ। प्राप्त बोलपत्रहरू सोही दिन दिउँसो २ बजे खोलिनेछ। अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ। पर्न आएका बोलपत्रहरू स्वीकृत गर्ने नगर्ने सर्वाधिकार गुठी संस्थानमा निहित रहनेछ। **सम्पर्क फोन नं. ०५१–५२२३१५**

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७७/०७८

## मरनहिया खोलाको कल्भर्ट चार वर्षमा पनि बनेन

# वीरगंज महानगरका विभिन्न वडा जलमग्न

प्रस, वीरगंज, १३ असार/

वीरगंज महानगरपालिका–२५ मौजे श्रीसियाको मरनहिया खोलामा कल्भर्ट नबन्दा स्थानीयले सास्ती भोग्नुपरेको छ।

यसैबीच, वीरगंज महानगरका विभिन्न वडा वर्षाले अहिले पनि डुबानमा परिरहेका छन्। रु ६ अर्बभन्दा बढीको खर्चमा एशियाली विकास बैंकको सहयोगमा वीरगंज महानगरपालिकाका विभिन्न वडामा दुई चरणमा सडक र नालाको स्तरोन्नति गरिए पनि अहिले छपकैया, श्रीपुर, रानीघाट, मुर्ली, पानीटङ्की, तेजारथटोल, जिल्ला प्रशासन कार्यालयअगाडि र वीरगंजको मुख्य व्यापारिक केन्द्र आदर्शनगर डुबानमुक्त हुन सकेका छैनन् । पानी परेपछि यी क्षेत्र डुबानमा पर्ने गरेका छन् ।

एडिबीको योजनामा यी क्षेत्रका पानीको बहाव श्रीसिया खोलामा गरिएको र सो खोलामा पानीको बहाव बढ्दा महानगरको पानी निकास बन्द भएर डुबान हुने गरेको छ। निरन्तर पानी परिरहेको बेलामा यी क्षेत्र डुबानमा परेको देख्न सकिन्छ ।

यसैबीच, जसपाका केन्द्रीय सदस्य निजामुद्दीन समानीले विज्ञप्ति जारी गर्दै तिलावे पुल र गर्दौलदेखि पश्चिम लच्का पुल नबन्दा स्थानीयले सास्ती भोग्नुपरेको भन्दै अविलम्ब सो पुल निर्माण गर्न आग्रह गरेका छन् । उनले पर्सा जिल्लाको मुख्य सडकमा पर्ने तिलावे पुलको निर्माणमा भइरहेको ढिलासुस्तीले सो क्षेत्रबाट आवतजावत गर्नेहरूलाई कठिनाइ भएको र त्यहाँ ट्राफिक व्यवस्थापन नहुँदा दैनिक घण्टौं जाम हुने गरेको छ । उनले गर्दौलदेखि पश्चिम लच्का पुल र तिलावे पुल निर्माण सम्पन्न नहुन्जेल सवारी व्यवस्थापनको लागि ट्राफिक प्रहरी परिचालन गर्न माग गरेका छन् ।



कल्भर्ट नबन्दा वीरगंज–२५ मौजे श्रीसियामा रहेको मरनहिया खोलाले जलमग्न बनाएको र तल वीरगंज महानगरपालिकाका विभिन्न वडा डुबानमा परेको दृश्य । तस्वीरः नितेश कर्ण

वर्षायाममा यो बाटो भएर हिंड्डुल गर्न अहिले बन्द भएको छ । पर्साको ग्रामीण क्षेत्रबाट वीरगंजको आदर्शनगर क्षेत्र प्रवेश गर्ने यो सडकखण्डको मरनहिया खोलामा कल्भर्ट निर्माणको लागि चार वर्षअगाडि पप्पु कन्स्ट्रक्शनले ठेक्का लिएको थियो तर अहिलेसम्म कल्भर्ट नबन्दा वर्षायाममा पानीको बहाव बढेर आवतजावतमा समस्या हुने गरेको स्थानीयले बताएका छन् । पद्मरोडमा सवारी चाप बढ्दा मानिसहरूलाई यो बाटो आवतजावत गर्न सजिलो हुने भएपनि कल्भर्ट नबनेर अहिलेसम्म समस्या भोग्दै आएका छन् ।

## रिट निवेदक.....

को उपधारा (५) को प्रक्रिया शुरू गर्नु प्रक्रियागतरूपमैं त्रुटिपूर्ण भएको कानून व्यवसायीहरूको भनाइ छ ।

त्यस्तै, राष्ट्रपतिको विषयमा रिट निवेदक पक्षको जिकिरमा धारा ७६ (५) अन्तर्गत दाबी पेश गरिसकेपछि अस्वीकार गर्न मिल्दैन, त्यसको कार्यान्वयन गर्नु राष्ट्रपतिको दायित्व भएको बताउँदै उनीहरूले राष्ट्रपतिले लिखित जवाफमा पेश गरेजस्तो विश्वासको मतको यकीन गर्ने अधिकार राष्ट्रपतिको नभई संसद्को विशेषाधिकार हो भनेका छन् । वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीदेखि बहस गर्ने अन्य कानून व्यवसायीको धारणा यही विषयमा केन्द्रित रहेको थियो ।

सोमवारबाट सरकारी वकीलको बहस शुरू हुनेछ। सरकारी पक्षलाई १५ घण्टा बहस गर्न समय तोकिएको छ । त्यसपछि सभामुखका कानून व्यवसायीले एक घण्टाको समय पाउनेछन्। त्यसपछि निवेदक पक्षले जवाफ दिनेछन्। जवाफ सकिएपछि अदालतका सहयोगी (एमिकस क्युरी)को बहस शुरू हुनेछ । यी सबै बहसपछि मात्रै अदालतले अन्तिम फैसला गर्नेछ । सोही फैसलालाई राखेर प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दाको सुनुवाइ गरिने बताइएको छ ।

आज वरिष्ठ अधिवक्ताहरू भण्डारी, यदुनाथ खनाल, डा चन्द्रकान्त ज्ञवाली, सविता भण्डारी, अधिवक्ताहरू भीमार्जुन आचार्य, सतीशकृष्ण खरेल, योगेन्द्र अधिकारीलगायतले बहस गरेका थिए । संवैधानिक प्रक्रियाविपरीत प्रतिनिधिसभा विघटन गरेको उनीहरूको तर्क थियो । यस विवादमा ३० वटा रिट निवेदन परेका थिए । गत जेठ ८ गते मन्त्रिपरिषद्को सिफारिशमा प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मङ्सिर ३ गते मध्यावधि निर्वाचन तोक्ने गरी राष्ट्रपतिको जेठ ८ गतेको निर्णय बदर गरेर असंवैधानिक र गैरकानूनी घोषणा गर्न माग गर्दै अदालतमा ती निवेदनहरू दर्ता गराइएका थिए ।




# वनकर्मीले गरीबलाई मात्र दुःख दिएको आरोप

प्रस, पर्सागढी, १३ असार/

वनक्षेत्रमा घर निर्माण गरेको भन्दै वनकर्मीले गरीब, कमजोरलाई मात्र दुःख दिइरहेका छन् ।

बडनिहारमा लालबाबू ठाकुरको घर हटाउन एकजना वनकर्मीले अनेक जालझेल गरेका थिए। अहिले फेरि वडा नं ४ सबैया टाँडीमा रहेको गणेश पासवानको घर निर्माण गर्न रोक लगाइएको छ । पासवानले पुरानो टायलको घरलाई भत्काएर पक्की घर निर्माण गर्न लाग्दा अहिले वनकर्मीहरूले रोकेका हुन्। वनकर्मीहरूले डर, धाक, धम्की दिइरहेको पासवानले आरोप लगाएका छन् । पासवानले पुरानो घर भत्काएर नयाँ घर बनाएको तर वनकर्मीहरूले आफूलाई मात्र अनावश्यक दुःख दिइरहेको बताए ।

सबडिभिजन वन कार्यालय सबैया टाँडीका फरेस्टर हरिभजन चौधरीले पासवानविरुद्ध डिभिजन वन कार्यालय पर्सामा उजूरी परेकोले घर निर्माण कार्य रोकिएको बताए। यसअघि पनि ठाकुरको घर हटाउनको लागि जिल्ला प्रशासन कार्यालय, पर्सामा उजूरी गरिएको थियो।



वनकर्मीले रोकेको पासवानको निर्माणाधीन पक्की घर । तस्वीरः प्रतीक

पर्सागढी नगरपालिकाका ६ वटा वडा जङ्गलसँग जोडिएका छन्। वडा नं ५ देखि ८ बाहेक १, २, ३, ४, ९, १० वनक्षेत्रसँग जोडिएका वडा हुन् । यी वडामा सयौं घर वन अतिक्रमण गरी बनेका छन्। केही नयाँ घर सो ठाउँमा बन्ने क्रम जारी छ। तर वनकर्मीहरूले भने राजनीतिक पहुँच नभएका र गरि खानेलाई मात्र दुःख दिने गरेका छन् ।

यसअघि, पर्सागढी नगरपालिका–३

पर्सागढी नगरपालिकाका ६ वटा वडामा रहेका सयौं घर हटाउनेतर्फ अहिलेसम्म डिभिजन वन कार्यालय पर्साले प्रभावकारी कदम चाल्न सकेको छैन । बेलाबेलामा वनक्षेत्रमा रहेका घर हटाउन अभियान चलाउने तर राजनीतिक तथा आर्थिक दबाबपछि रोकिँदै आएको छ ।

# विद्यार्थीद्वारा 'एक विद्यार्थी, एक रूख' अभियान शुरू

प्रस, महोत्तरी, १३ असार/

महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं ९ पशुपतिनगरस्थित राष्ट्रिय माध्यमिक विद्यालय बनरझुल्लाका विद्यार्थीले 'एक विद्यार्थी, एक रूख' अभियान सञ्चालन गरेका छन् ।

विद्यालयका प्रत्येक विद्यार्थीले आफ्नो घरआँगनमा कम्तीमा एउटा फलफूलको बिरुवा रोपेर हुर्काउनै पर्ने अभियानको उद्देश्य हो ।

जनसहयोगी युवा सञ्जाल बर्दिबास र डिभिजन वन कार्यालय महोत्तरीले अभियानमा सहभागी विद्यार्थीहरूलाई आवश्यक फलफूलका बिरुवा उपलब्ध गराएका छन् । असारको दोस्रो साता शुरू भएसँगै 'एक विद्यार्थी, एक रूख' अभियान शुरू गरिएको विद्यालयले जनाएको छ । सो अभियान अन्तर्गत पशुपतिनगरका विभिन्न घरआँगन तथा करेसाबारीमा करीब पाँच सयवटा बिरुवा रोपिएको विद्यालयका प्रधानाध्यापक हरिदेव महतोले बताए। अभियानमा आँप, लिची, कटहरलगायतका बिरुवा रोपिएको प्रअ महतोले जनाए ।

अभियानको पहिलो चरण अन्तर्गत छ दिन उत्साहजनकरूपमा सम्पन्न भएको र जनसहभागिता पनि उल्लेखनीय रहेको स्थानीय अभिभावक अमृतकुमार महतोले बताए। रूख रोप्नुका साथै रूखबिरुवा र प्रकृति संरक्षणबारे सर्वसाधारणलाई सचेत र सजग गराउने अभियानको उद्देश्य छ। हरेक समाजमा वनजङ्गलको संरक्षण तथा रूखबिरुवाको महत्त्वबारे चेतना जगाउन सके चुरे क्षेत्रको संरक्षणमा बल पुग्ने अभियानमा सहभागी कक्षा १० का विद्यार्थी अनोजकुमार साहले बताए ।

यसैगरी, विद्यालय परिसरमा जनसहयोगी युवा सञ्जाल बर्दिबासले गत वर्ष थालेको बालउद्यान निर्माणको काम पनि यही अभियान अन्तर्गत अब अन्तिम चरणमा पुर्‍याउने लक्ष्य छ । अहिले थालिएको 'एक विद्यार्थी, एक रूख' अभियान हरित अभियानकै एक अंश भएको विद्यार्थी सञ्जालको भनाइ छ। यसरी अभियान सञ्चालन गर्दा बिरुवा रोप्न, त्यसको स्याहार गर्न विद्यार्थीको जिम्मेवारी भएको हुँदा रूखबिरुवाको महत्त्वबारे उनीहरू अझ जिज्ञासु बन्ने र वन संरक्षणमा त्यसले ठूलो सहयोग पुर्‍याउने डिभिजन वन कार्यालय महोत्तरीका डिभिजन प्रमुख विनोदकुमार सिंहले बताए ।

# निश्शुल्क भोजन अभियान बन्द

प्रस, वीरगंज, १३ असार/

निषेधाज्ञा जारी भएपछि रेलवे



तस्वीरः प्रतीक

कटेजले सञ्चालनमा ल्याएको 'फूड फर निडी' कार्यक्रम अन्तर्गत निश्शुल्क भोजन आइतवारदेखि बन्द गरेको छ ।

आज एक कार्यक्रम गरी निश्शुल्क भोजन तथा खाजा कार्यक्रम बन्द गरिएको सो कार्यक्रमका संरक्षक ओमप्रकाश सर्राफले बताए ।

कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले महानगरले गर्नुपर्ने दायित्व रेलवे कटेजसहित विभिन्न सङ्घसंस्थाले गरेकामा प्रशंसा गरे । उनले सङ्कटको बेलामा विनाकारण घरबाहिर निस्किन बन्देज लगाइएको बेलामा युवाहरूले गरीब, दीनदुःखीहरूलाई लक्षित गरी निश्शुल्क भोजन गराएर साहसको काम गरेको बताए । उनले कार्यक्रमका स्वयंसेवक अध्यक्ष रवि गुप्तालगायत दशजना युवालाई सम्मानित गरेका थिए।

रेलवे कटेजले सो कार्यक्रम अन्तर्गत ५४ दिनसम्म जारी निषेधाज्ञामा निश्शुल्क भोजन गराउनुका साथै अस्पतालमा सङ्क्रमितहरूलाई फलफूलसमेत उपलब्ध गराएको थियो ।

# वीरगंज–१० पूर्ण वडा खोप घोषणा

प्रस, वीरगंज, १३ असार/

नगरप्रमुख विजयकुमार सरावगीले वीरगंज महानगरपालिका वडा नं १० लाई पूर्ण खोप वडा घोषणा गरेका छन्। वडामा निर्माण गरिएको आधारभूत स्वास्थ्य केन्द्रको उद्घाटन गरे ।

वडाध्यक्ष रामनगिनाप्रसाद कानूको अध्यक्षतामा भएको कार्यक्रममा अरुण


तस्वीरः सौजन्य

आइतवार नगरप्रमुख सरावगीले वडाका सबै बालबालिकालाई पूर्ण खोप लगाइएकाले बालबालिकालाई अन्य रोग नलाग्ने बताए।

यसैबीच, नगरप्रमुख सरावगीले सोही महतो, अनिलकुमार सिंह, रितेश जैसवाल, सुशील साह, अरविन्दप्रसाद साह, प्रभु महतो, सन्तोषदेवी खतिवडा, उर्मिला बैठा, रूपनारायण मिश्रलगायतको सहभागिता थियो ।

## विश्रामपुर गापा....

२०० सीधा भुक्तानी दिइएको छ ।

गाउँपालिकाले २०७५/८/१९ मा टिपर र ब्याक लोडर खरीदमा व्यापक भ्रष्टाचार गरेको स्रोतले बताएको छ । सो खरीदमा रु एक करोड १५ लाख ९० हजार खर्चेको स्रोतले बताएको छ ।

खरीद गरिएको हेभी गाडी अहिले पनि भाडामा चलिरहेको छ । तर सो गाडीको इन्धन खर्चबापत रु ३ लाख ३८ हजार ६४३ गापाले तिरेको तर भाडाबापत कमाएको रकम गापा अध्यक्ष अमिरी पालले बुझ्ने गरेको स्रोतले दाबी गरेको छ ।

त्यतिमात्र होइन, अवकाशप्राप्त नायब सुब्बा ललनराम नेपालीले रु ९९ हजार १५१ मूल्यको ल्यापटप एक थान तथा सरुवा भई अन्यत्र गएका प्रशासकीय अधिकृत इन्द्रकमल सिवाकोटीले रु १ लाख ३० हजारको ल्यापटप एक थान आफैंले बोकेर हिंडेको कर्मचारीहरूले जानकारी दिएका छन् ।

अमिन मियाँ, जुम्राती मियाँ तेली, नेक अहमद मियाँ अन्सारी, अबुलैश हक अन्सारी, शेखनवी अक्तर मियाँ, अमिन मियाँ, जालिम मियाँ दर्जी, शेखनवी अक्तर मियाँ, खरीदार सुरेन्द्रप्रसाद गुप्ता, खरीदार लक्ष्मी साह तेली, सुरेन्द्रप्रसाद यादव, कर्मचारी बन्दना चौधरी, गुलाब मेहता, गणेशकुमार राम, आनन्दकुमार गुप्ता, सन्तोष कुमार, नेरामावि मुसहवा, विद्युतीकरण उपभोक्ता समिति, सञ्जयराम चौधरी, अनीता देवी, सुमितकुमार सिंह, महेन्द्र निमावि नकटुवाको नाममा बेरुजू रकम रहेको प्रतिवेदनमा उल्लेख छ ।